# मादी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की

गण्डकी प्रदेश, नेपाल

माদी गाँउपालिका

दोस्रो पटक प्रकाशित १५ दिने सुचना

**मिति २०७५।०५।२१ गते**

ढुङ्गा, वालुवा, गिट्टी, रोडाको कर तथा बिक्री शुल्क उठाउने ठेक्का बन्दोवस्त सम्बन्धी बोलपत्र आह्वानको सूचना ।

मादी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयवाट स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-९, दफा ६४ को उपदफा १ को (च), प्रदेश आर्थिक ऐन २०७५ को दफा ८ तथा अनुसुची ६ र प्रदेश सरकारवाट स्वीकृत ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर वहत्तर, लगाएतका प्राकृतिक स्रोतको उत्खनन् संकलन प्रशोधन विक्रिवितरण तथा क्रसर उधोग व्यवस्थापन र संचालन कार्यविधि २०७५, समेतका आधारमा चालु आ.व. २०७५/०७६ का लागि मिति २०७५/०४/१६ मा प्रथम पटक प्रकाशित सुचना अनुसार अन्तीम मिति २०७५/०५/१५ गते सम्म कुनैपनि ठेक्का पर्न नआएको हुदा पुन: दोस्रो पटक सुचना प्रकाशन गरिएको हुंदा तपशिल वमोजिमका नदीजन्य पदार्थ ढुङ्गा गिट्टी वालुवाको आय संकलन ठेक्कापट्टाको माध्यमबाट गर्नुपर्ने भएकोले ठेक्का पट्टा गर्नको लागि योग्य फर्म वा कम्पनीले तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी तपशिलमा उल्लेखित मिति र समय भित्र यस कार्यालय माछापुच्छ्रे बैंक यांजाकोट मा रहेको कोष खाता नं. ८३०१५२४५१४७२९०१३ मा तोकिएको रकम वुझाई वोलपत्र फाराम यस कार्यालयबाट खरिद गरी, मु.अ. कर र अग्रिम आयकर सहितको कूल कवोल को ५ % (पाँच प्रतिशत)ले हुन आउने रकम धरौटी स्वरुप यस कार्यालयको माछापुच्छ्रे बैंक पृथ्वीचोक मा रहेको धरौटी खाता नं. ८३०१५२४५१४७२९०४८ मा जम्मा गरेको सक्कलै वैंक भौचर, वा कम्तिमा १२० दिन म्याद भएको वैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक ग्यारेन्टी (Bid Security) संलग्न राखी शिलवन्दी वोलपत्र फाराम पेश गर्न सकिने गरि यो आन्तरिक आय संकलन सम्वन्धी सूचना प्रकाशित गरिएको छ ।

तपशिल

- फर्म दर्ता प्रमाणपत्र
- ठेक्कापट्टाको कार्य गर्न जारी नविकरण भएको इजाजत पत्रको प्रमाणित फोटोकपी
- मु.अ. कर दर्ता प्रमाणपत्रको प्रमाणित फोटोकपी
- करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

| ठेक्का नं. | घाटको नाम | उत्खनन् हुने अधिकतम परिमाण घ.मी. | न्यूनतम रकम (करवाहेक) | वोलपत्र फारम दस्तुर | वोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | वोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|
| 01/MRM/GHAT/075-76 | मादी नदी घाट (ज्याम्दु देखी रुदी दोभान सम्म | ४४१००।०० | ५६००७००।०० | ३०००।०० | २०७५/०६/०४ गते ५ बजे सम्म | २०७५/०६/०५ गते १२ बजे सम्म |

**नोट : शर्त तथा बन्देजहरु प्रथम पटक प्रकाशित सुचना समाधान राष्ट्रीय दैनिक २०७५/०४/१६ मा उल्लेख भए वमोजिम हुने तथा सो सुचना गाउँपालिकाको web site : www.madimunkaski.gov.np मा हेर्न सकिने छ ।**